# <u>धितोपत्र अभौतिकीकरण गर्न दर्ताको लागि आवश्यक कागजातहरु</u>

कम्पनीले आफ्नो धितोपत्र अभौतिकीकरण गर्न दर्ताको लागि निवेदनका साथ देहायका कागजात तथा विवरण समेत पेश गर्नुपर्नेछ :

(क) धितोपत्र अभौतिकीकरण गर्न दर्ताका लागि निवेदन पेश गर्दा "धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ (पहिलो संशोधन, २०६९ सहित)" को अनुसूची-१ को ढाँचामा पेश गर्नु पर्नेछ ।

(ख) बोर्डमा धितोपत्र दर्ता भएको प्रमाणपत्रको प्रमाणीत प्रतिलिपि,

(ग) संगठित संस्था दर्ता प्रमाणपत्र तथा व्यवसाय संचालन अनुमतिपत्रको प्रमाणित प्रतिलिपि,

(घ) कम्पनीको प्रबन्धपत्र नियमावलीको प्रमाणित प्रतिलिपि,

(ङ) विशेष ऐनद्वारा स्थापित संगठित संस्थाहरुको हकमा ऐन तथा नियमावलीको प्रतिलिपि,

(च) कम्पनीका संचालक, कार्यकारी प्रमुख तथा कम्पनी सचिवहरुको नाम, ठेगाना, योग्यता तथा अनुभव सम्बन्धी विवरण,

(छ) धितोपत्र बजारमा सूचीकरण भएको भए सो सम्बन्धी सम्झौतापत्रको प्रमाणित प्रतिलिपि,

(ज) शेयर रजिष्ट्रार नियुक्त गरेको भए सो सम्बन्धी सम्झौतापत्रको प्रमाणीत प्रतिलिपि,

(झ) संचालक समितिको निर्णय ।